Sindhu Bikash Bank Ltd.
सिन्धु विकास बैंक लि.
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको ईजाजत पत्र प्राप्त संस्था
(सिन्धुपाल्चोक, काभ्रे, दोलखा, चितवन र मकवानपुर जिल्ला कार्यक्षेत्र भएको)

Head Office : Barhabise, Sindhupalchok, Nepal
Tel: 011-489245/46/47
Corporate Office : Banepa, Kavre
Tel: 011-662340/41/51, Fax: 977-11-662346
E-mail: info@sindhubank.com.np
www.sindhubank.com.np

च.नं. २२१/२०८१/०८२

मिति: २०८२/०१/०८

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा, रामशाहपथ, काठमाण्डौ
नेपाल ।

बिषय : त्रैमासिक वित्तीय प्रतिवेदन प्रकाशित गरिएको सम्वन्धमा ।

महोदय,

उपरोक्त सम्वन्धमा यस बिकास बैंकको आ.व. २०८१/०८२ को तेस्रो त्रैमासको वित्तीय बिवरण सम्वन्धि प्रतिवेदन सर्वसाधारणको जानकारीको लागि राष्ट्रिय स्तरको पत्रिका नेपाल समाचार पत्र दैनिकमा मिति २०८२ साल वैशाख ०७ गते आइतवारको दिन प्रकाशित गरिएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

भवदीय

.....

(अनित जंग पाण्डे)
प्रमुख वित्तीय अधिकारी

डलरको भाउ वृद्धि हुँदा ७० अर्ब ऋण बढ्यो

राजु श्रेष्ठ, काठमाडौं

डलरको भाउ वृद्धि हुँदा चालू आर्थिक वर्षमा नेपालको सार्वजनिक ऋणको दायित्व ७० अर्ब रुपियाँभन्दा बढी थप भएको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चैत मसान्तसम्म विनिमय दरमा भएको परिवर्तनले बाह्य ऋणमा ७० अर्ब ९ करोड ८८ लाख रुपियाँ दायित्व वृद्धि भएको हो।

हालसम्म नेपालको कुल सार्वजनिक ऋणको दायित्व २६ खर्ब ६७ अर्ब २६ करोड ७९ लाख रुपियाँ पुगेको छ। नेपालको सार्वजनिक ऋण देशको कुल गार्हस्थ्य उत्पादन (जीडीपी)को ४६ दशमलव ७५ प्रतिशत पुगेको छ। जसमध्ये आन्तरिक ऋण १३ खर्ब १ अर्ब ९४ करोड ४५ लाख अर्थात् जीडीपीको २२ दशमलव ८२ र बाह्य ऋण १३ खर्ब ६५ अर्ब ३२ करोड ३४ लाख रुपियाँ अर्थात् जीडीपीको २३ दशमलव ९३ प्रतिशत रहेको छ। हाल कुल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५१ दशमलव १९ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४८ दशमलव ८१ प्रतिशत रहेको छ। चालू आर्थिक वर्षको ९ महिनामा २ खर्ब ३३ अर्ब १७ करोड रुपियाँ ऋण वृद्धि भएको छ। आर्थिक वर्षको सुरूवातमा कुल सार्वजनिक ऋण २४ खर्ब ३४ अर्ब ९ करोड ९८ लाख रुपियाँ मात्रै रहेको थियो।

कार्यालयको तथ्यांकअनुसार सार्वजनिक ऋणको आकार उच्च रहे पनि फागुन महिनाको तुलनामा चैत महिनामा ऋण केही घटेको देखिन्छ। फागुन महिनामा मात्रै सार्वजनिक ऋण ६४ अर्ब रुपियाँभन्दा बढीले वृद्धि हुँदै २६ खर्ब ७६ अर्ब ३ करोड रुपियाँ नाघेको थियो। तर, चैतमा सरकारले ऋणको साँवा ब्याज तिर्दा झण्डै १० अर्ब रुपियाँले दायित्व घटेको छ। फागुनको तुलनामा चैतमा आन्तरिक ऋण करिब १४ अर्ब रुपियाँ घटेको छ भने बाह्य ऋण करिब ४ अर्ब रुपियाँले बढेको तथ्यांक छ।

सरकारले चालू आर्थिक वर्षमा ५ खर्ब ४७ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेको तर चैत मसान्तसम्म ३ खर्ब ६६ अर्ब ९ करोड रुपियाँ ऋण प्राप्त भएको छ। यो लक्ष्यको तुलनामा ६६ दशमलव ९३ प्रतिशत हो।



यसमध्ये २ खर्ब ९१ अर्ब १४ करोड आन्तरिक ऋण अर्थात् ८८ दशमलव २२ प्रतिशत तथा ७४ अर्ब ९५ करोड अर्थात् ३४ दशमलव ५८ प्रतिशत बाह्य ऋण प्राप्त भएको छ। कुल ऋण प्राप्तितर्फ आन्तरिक र बाह्य ऋणको हिस्सा क्रमशः ७९ दशमलव ५३ प्रतिशत र २० दशमलव ४७ प्रतिशत रहेको छ।

चालू आर्थिक वर्षमा ऋण खर्चमा ४ खर्ब २ अर्ब ८५ करोड बजेट विनियोजन भएकोमा चैत मसान्तसम्म २ खर्ब ५२ अर्ब ४८ करोड ४८ लाख रुपियाँ भुक्तानी भएको छ। यो वार्षिक बजेट विनियोजनको आधारमा ६२ दशमलव ६७ प्रतिशत हो। कुल गार्हस्थ्य उत्पादनको आधारमा कुल ऋण खर्च ४ दशमलव ४३ प्रतिशत हो। कार्यालयको तथ्यांकमा फागुन मसान्तसम्म २ खर्ब १ अर्ब ८२ करोड भुक्तानी भएकोमा चैतमा ५० अर्ब रुपियाँभन्दा बढी ऋण भुक्तानी गरेको छ। ९ महिनामा सरकारले २ खर्ब १२ अर्ब ९३ करोड आन्तरिक ऋण तथा ३९ अर्ब ५४ करोड बाह्य ऋणको दायित्व घटाएको छ। चैत मसान्तसम्म साँवा भुक्तानीमा २ खर्ब ३० अर्ब २ करोड र ब्याज भुक्तानीमा ४९ अर्ब ४५ करोड रुपैयाँ खर्च भएको छ।

अम्बे स्टिल्स्द्वारा...

तर, त्यसरी भुक्तानी गरेको रकमलाई कम्पनीका केही व्यक्तिको नाममा थोरै-थारै रकमको चेक बनाएर फिर्ता लिने र त्यसरी लिएको रकम कम्पनीका अध्यक्ष शोभाखर (हरि) न्यौपाने तथा कम्पनीको पुरानो उच्च तहका कर्मचारी पूर्णभद्र पौडेललेको व्यक्तिगत खातामा जम्मा हुने स्रोतले जानकारी दियो।

स्रोतका अनुसार त्यस्तो रकम शोभाखर न्यौपानेको खाता नम्बर ०१३००१०३१४४००००१ तथा पूर्णभद्र पौडेलको खाता नम्बर ००५००३९२१६९००००१ मा नगद जम्मा हुँदै आएको छ। यसका निम्ति कम्पनीका कर्मचारीहरू राजन चौलागाईं र किरण ढुंगानाका नाम १० लाख रुपियाँभन्दा कमको चेक काटेर उनीहरूले हाकिमका खातामा जम्मा गर्ने गरेको स्रोतले जानकारी दियो। स्रोतका अनुसार अम्बे स्टिल्स्को यो धन्दामा सहयोग गर्ने वीरगञ्जको राज स्टिल उड इन्टरनेसनललगायतका फर्म प्रमुख छन्। अम्बे स्टिल्स्को आर्थिक वर्ष २०७८/७९ देखि आर्थिक वर्ष २०८०/८१ सम्मको कम्पनीको कारोबारमा यस्तो किसिमको कैफियत बढी देखिएको छ।

त्यस्तै, नियोजित तरिकमबाट नक्कली बिलिङ, झुटा कारोबार विवरण र नक्कली ब्यालेन्स सिट प्रस्तुत गरी अम्बे स्टिल्स्ले विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट ३६० करोड रुपियाँभन्दा बढीको ऋण लिएको समेत स्रोतले जानकारी दियो। अम्बे स्टिल्स् लिले नक्कली बिल बिजकको प्रयोग गरी कर छली गरेको भन्ने विषयमा कम्पनीका अध्यक्ष हरि न्यौपानेले आफूहरुबाट त्यस्तो नभएको दाबी गर्नुभयो। उहाँले नेपाल समाचारपत्र दैनिकसँग भन्नुभयो- 'हाम्रो कम्पनीले फुल अडिट गरेको छ। हाम्रो तर्फबाट नक्कली बिल प्रयोग भएको छैन। कम्पनीले एकाउन्टपेयी चेकबाट बिल जारी गर्नेलाई नै भुक्तानी दिने गरेको छ। अब स्क्रयापवालाहरूले हामीलाई दिएको बिल नक्कली भएको भए त्यसबारे हामीलाई जानकारी छैन।'

उहाँले विगतमा एउटा घटना यस्तै भएको हुँदा आफूहरूले ८ करोड रुपियाँ धरौटी राखेर मुद्दा लडिरहेको जिकिर गर्दै भन्नुभयो- 'कम्पनीमा केही कैफियत देखिएको भए मिडियामा जानु अघि राजस्वले हामीलाई काजपत्रसहित जवाफका लागि बोलाउनुपर्ने हो। तर, त्यसबारे अहिलेसम्म हामीलाई हुनै जानकारी आएको छैन।'

स्रोतले भने न्यौपाने २०७१ सालदेखि नेपालका लागि लिथुआनियाका अवैतनिक महावाणिज्यदूतको भूमिकामा रहेको हुँदा न्यौपानेले कूटनीतिक हैसियतको दुरुपयोग गरिएको आशंकामा समेत थप अनुसन्धान प्रक्रिया अगाडि बढाउनुपर्ने दाबी गरेको छ।

त्यस्तै, कम्पनीको फर्जी कारोबारमा संलग्न भएको आरोप लागेका अम्बे स्टिल्स्का कर्मचारी राजन चौलागाईंले आफू कम्पनीको सामान्य कर्मचारीमात्रै रहेको उल्लेख गर्दै भन्नुभयो- 'मेरो काम नै कम्पनीका चेकहरू बैंकमा जम्मा गर्ने हो, कुन चेक कहिले कस्को खातामा जम्मा गरें, कति क्यास विड ड्र भयो भन्ने याद छैन। यस बारेमा कम्पनीको फाइनान्स डिपार्टमेन्टमा बुझ्नुभए राम्रो हुन्छ।'

अम्बे स्टिल्स्मा भएको कर छलीको बारेमा नेपाल समाचारपत्रले विभिन्न स्रोतसँग सम्पर्क गरिरहेका बेला आफूलाई वीरगञ्जको राज स्टिल उड इन्टरनेसनको प्रोपाइटर बताउने राजकुमार शर्माले नेपाल समाचारपत्रसँग आफैं सम्पर्क गर्नुभएको छ। उहाँले अम्बे स्टिल्स्सँगको कारोबारबारे जानकारी दिँदै यसअघि आफ्नो फर्म बुबा गोपालजी शर्माले हेर्दै आउनुभएको र केही महिना अघिमात्रै बुबाको निधन भएकाले भर्खरैमात्र कारोबार सम्हाल्न शुरू गरेको हुँदा नक्कली बिल बिजकको विषयबारेमा आफू जानकार नभएको बताउनुभयो। आफूहरूको अम्बे स्टिल्सलगायत विभिन्न उद्योगसँग कारोबार रहेको भन्दै नक्कली बिल बिजकका बारेमा आफूले थाहा नपाएको हुँदा बाँकी जानकारी अडिटरसँग बुझ्नेर खबर गर्ने बताउनुभयो।

कर प्रणाली राज्य सञ्चालनको मात्र आधार नभई सामाजिक न्याय, आर्थिक समानता र पारदर्शिता कायम राख्ने मूल तत्व हो। यस्तो प्रणालीमा ठूला व्यापारिक संस्थाहरूले नै छली गर्ने प्रवृत्तिले सम्पूर्ण अर्थतन्त्र र शासन व्यवस्थामाथि गम्भीर प्रश्न उठाएको स्रोतको भनाइ छ।

लोटस ट्रेड लिंक एण्ड इन्भेष्टमेन्ट प्रा.लि. को खारेजी (लिक्विडेशन) को लागि हकदावी गर्न आउने सम्बन्धी सूचना

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६५/१०/२१ मा दर्ता भएको दर्ता नं. ६००९५/०६५/०६६ को **लोटस ट्रेड लिंक एण्ड इन्भेष्टमेन्ट प्रा.लि.** को मिति २०८२/०१/०५ गतेको विशेष साधारण सभाले गरेको निर्णय अनुसार यस कम्पनीलाई स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजानुपर्ने भएकोले यस कम्पनीले कोही कसैलाई तिर्नु व्यहोर्नु पर्ने ऋण, धन दायित्व एवं कोही कसैको बाँकी बक्यौता लेनदेन आदी भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

लिक्विडेटर : पूर्ण प्रसाद पराजुली, दामासाही व्यवसायी इजाजत पत्र नं.-३८३
का.जि.का.म.न.पा. वडा नं.-२९, अनामनगर, मोबाइल नं. ९८५१०२६३३२

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सडक डिभिजन, नेपालगंज

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८२/०१/०७

यस कार्यालयको बोलपत्र आव्हानको सूचना नं. 08/081/82 अनुसार ठे.नं. RDNGJ/337310113/081/82-43 र RDNGJ/337310113/081/82-44 को पेश भएका बोलपत्रहरु मध्य न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएका तपशिलमा उल्लेखित बोलपत्रहरु स्वीकृतिका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

क्र. सं.	ठेक्का नम्बर	निर्माण व्यवसायीको नाम, ठेगाना	कबोल अंक रु. (मु.अ.कर र पि.एस. समेत)
1.	RDNGJ/337310113/081/82-43	Bikash Nirman Sewa, Kohalpur-04, Banke	२६,९१,११७.८७
2	RDNGJ/337310113/081/82-44	J & J Construction, Janaki-06, Banke	५४,८१,३४८.५०

डिभिजन प्रमुख

Sindhu Bikash Bank Ltd.
सिन्धु विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको ईजाजत पत्र प्राप्त संस्था)

प्रधान कार्यालय- बाह्रबिसे, सिन्धुपाल्चोक, नेपाल
कर्पोरेट कार्यालय- बनेपा, काभ्रेपलाञ्चोक
फोन नं.: ०११-६६२३४०/४१/५१
Email: info@sindhubank.com.np

Unaudited Financial Results (Quarterly)

As on Quarter ended 31st Chaitra 2081

Condensed Statement of Financial Position

As on Quarter ended 31st Chaitra 2081 (13th April 2025)

Amount in NPR

Particulars	This Quarter Ending	Immediate Previous Year Ending
Assets		
Cash and Cash Equivalent	345,290,339	813,215,761
Due from Nepal Rastra Bank	265,240,076	139,936,167
Placement with Bank and Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and Advances to BFIs	241,622,954	273,245,826
Loans and Advances to Customers	3,324,341,174	3,587,469,306
Investment Securities	1,385,948,262	1,064,946,108
Current Tax Assets	31,814,398	30,395,165
Investment in Subsidiaries	-	-
Investment in Associates	-	-
Investment Property	53,034,175	136,189,005
Property and Equipment	204,145,235	213,148,296
Goodwill and Intangible Assets	1,632,988	1,919,544
Deferred Tax Assets	10,649,467	15,277,755
Other Assets	118,870,333	162,407,393
Total Assets	**5,982,589,401**	**6,438,150,327**
Liabilities		
Due to Bank and Financial Institutions	-	-
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	5,312,709,334	5,892,048,223
Borrowings	3,333,333	8,394,981
Current Tax Liabilities	33,621,872	9,713,418
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	187,589,270	174,030,883
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**5,537,253,809**	**6,084,187,504**
Equity		
Share Capital	557,456,067	557,456,067
Share Premium	-	-
Retained Earnings	(243,897,077)	(371,784,191)
Reserves	131,776,602	168,290,946
Total Equity Attributable to Equity Holders	**445,335,592**	**353,962,823**
Non Controlling Interest	**-**	**-**
Total Equity	**445,335,592**	**353,962,823**
Total Liabilities and Equity	**5,982,589,401**	**6,438,150,327**

Condensed Statement of Profit or Loss

For the Quarter ended 31st Chaitra 2081 (13th April 2025)

Amount in NPR

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Interest Income	111,324,573	333,055,190	149,802,408	435,503,046
Interest Expense	72,645,113	237,676,961	99,416,265	289,358,948
Net Interest Income	**38,679,460**	**95,378,229**	**50,386,144**	**146,144,099**
Fee and Commission Income	4,332,484	10,087,249	8,535,278	18,366,814
Fee and Commission Expense	24,703	185,289	20,489	57,056
Net Fee and Commission Income	**4,307,781**	**9,901,960**	**8,514,789**	**18,309,758**
Net Interest, Fee and Commisson Income	**42,987,240**	**105,280,190**	**58,900,933**	**164,453,857**
Net Trading Income	-	-	-	-
Other Operating Income	(1,256,209)	1,292,950	665,887	1,474,005
Total Operating Income	**41,731,032**	**106,573,140**	**59,566,821**	**165,927,862**
Impairment Charge/ (Reversal) for Loans and Other Losses	(41,533,586)	(127,765,270)	110,737,188	103,073,397
Net Operating Income	**83,264,618**	**234,338,410**	**(51,170,367)**	**62,854,465**
Operating Expense	**40,773,556**	**122,270,030**	**38,856,800**	**118,023,909**
Personnel Expenses	24,118,031	70,307,576	20,873,306	63,147,946
Other Operating Expenses	13,454,535	42,306,311	14,486,593	44,218,856
Depreciation & Amortisation	3,200,991	9,656,143	3,496,901	10,657,107
Operating Profit	**42,491,062**	**112,068,380**	**(90,027,167)**	**(55,169,445)**
Non Operating Income	4,525	4,525	-	1,089,527
Non Operating Expense	-	-		-
Profit Before Income Tax	**42,495,587**	**112,072,906**	**(90,027,167)**	**(54,079,918)**
Income Tax Expense				
Current Tax	12,748,676	33,621,872	(10,784,175)	-
Previous Year Tax	-	-	-	-
Deferred Tax	-	-	-	-
Profit/(loss) for the Period	**29,746,911**	**78,451,034**	**(79,242,992)**	**(54,079,918)**
Profit attributable to:				
Equity holders of the Bank	29,746,911	78,451,034	(79,242,992)	(54,079,918)
Non-controlling interest				
Profit for the Period	**29,746,911**	**78,451,034**	**(79,242,992)**	**(54,079,918)**
Earning Per Share				
Basic Earning per Share (Annualised)		18.76		(12.93)
Diluted Earning per Share (Annualised)		18.76		(12.93)
Profit/(loss) for the period	**29,746,911**	**78,451,034**	**(79,242,992)**	**(54,079,918)**
Other Comprehensive Income Net of Income Tax	3,150,296	10,799,339	(2,732,360)	(3,604,089)
Total Comprehensive Income for the Period	32,897,207	89,250,373	(81,975,353)	(57,684,007)
Total Comprehensive Income attributable to:				
Equity-Holders of the Bank	32,897,207	89,250,373	(81,975,353)	(57,684,007)
Non-controlling Interest				
Total Comprehensive Income for the Period	**32,897,207**	**89,250,373**	**(81,975,353)**	**(57,684,007)**

Ratios as per NRB Directives

Amount in NPR

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Capital Fund to RWA		11.49%		11.09%
Tier 1 Capital to RWA		9.86%		9.74%
Total Loan Loss Provision to Total NPL		86.28%		109.54%
Non-performing Loan (NPL) to Total Loan		8.64%		3.65%
Net Non-Performing Loan to Total Loan (Net NPL)		2.96%		1.33%
Credit to Deposit Ratio		70.66%		79.43%
Return on Equity (Annualised)		23.49		(20.37)
Return on Asset (Annualised)		1.75		(1.12)
Cost of Funds	5.49%		7.26%	
Base Rate (Quarterly Average)	8.60%		10.92%	
Interest Rate Spread	4.58%		4.57%	

Notes to NFRS Compliant Financials as per NRB circular:

1. The above financials have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and in the format prescribed by NRB.
2. Previous period figure have been regrouped / rearranged / restated wherever necessary.
3. Loan and Advances include interest receivables and are presented net of impairment charges.
4. In complaince with NRB's ECL Guideline, the bank has de-recognised interest income on loans and advances classified under stage-3.
5. The Bank, following regulatory backstop as mentioned in Clause 16 of "NFRS 9- Expected Credit Loss Related Guidelines, 2024" has recognized impairment on credit exposures as the HIGHER of total ECL calculated as per NFRS 9 and existing regulatory provisions as mentioned in Unified NRB Directives no 02.
6. Above figures are subject to change upon otherwise instructions of Statutory Auditor and/or Regulatory Authorities .
7. Detail interim financial report has been published in the bank's websites: www.sindhubank.com.np

Statement of Distributable Profit or Loss

For the Quarter ended 31st Chaitra 2081 (13th April 2025)

(As per NRB Regulation)

Amount in NPR

Particulars	Current Year Upto this Quarter YTD	Previous Year Corresponding Quarter YTD
Net profit or (loss) as per statement of profit or loss	**78,451,034**	**(54,079,918)**
Appropriations:		
a. General reserve	15,690,207	-
b. Foreign exchange fluctuation fund	-	-
c. Capital redemption reserve	-	-
d. Corporate social responsibility fund	784,510	-
e. Employees' training fund	1,832,364	2,843,373
f. Other	-	(27,194,199)
Profit or (loss) before regulatory adjustment	**60,143,953**	**(29,729,092)**
Regulatory adjustment :		
a. Interest receivable (-)/previous accrued interest received (+)	8,730,289	8,377,098
b. Short loan loss provision in accounts (-)/reversal (+)	-	-
c. Short provision for possible losses on investment (-)/reversal (+)	10,799,339	-
d. Short loan loss provision on Non Banking Assets (-)/resersal (+)	41,386,159	-
e. Deferred tax assets recognised (-)/ reversal (+)	4,628,288	-
f. Goodwill recognised (-)/ impairment of Goodwill (+)	-	-
g. Bargain purchase gain recognised (-)/resersal (+)	-	-
h. Actuarial loss recognised (-)/reversal (+)	-	-
i. Other	2,199,085	7,350,441
Net Profit for the Quarter ended on Chaitra 2081 available for distribution	**127,887,114**	**(14,001,553)**
Opening Retained Earning as on Shrawan 1 2081	(371,784,191)	(59,314,356)
Adjustment (+/-)	-	-
Distribution:		
Bonus shares issued	-	-
Cash Dividend Paid	-	-
Total Distributable profit or (loss) as on Quater end Chaitra 2081	**(243,897,077)**	**(73,315,909)**
Annualised Distributable Profit/Loss per share	-	-

धितोपत्र दर्ता तथा निष्काशन नियमावली

(२०७३ को अनुसूची १४ नियम २६ को उप नियम (१) संग सम्बन्धीत) आ.व. २०८१/८२ को तेस्रो त्रैमासिक प्रतिवेदन

१) **वित्तीय विवरण**

क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ।

ख) प्रमुख वित्तीय अनुपात सम्बन्धी विवरण:

समिक्षा अवधिको अन्तसम्ममा यस विकास बैंकको वित्तीय अनुपातहरु तपशील बमोजिम रहेका छन्।

प्रति शेयर आम्दानी (वार्षिक)	मुल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रतिशेयर कुल सम्पत्तिको मुल्य	तरलता अनुपात
१८.७६	५८.१८	७९.८९	१,०७३.१९	३६.३६%

२) **व्यवस्थापकीय विश्लेषण**

क) बैंकको सबलता मापन गर्ने विभिन्न परिसुचकहरु जस्तै: आम्दानी, कर्जा, निक्षेप, तरलता, कर्जा निक्षेप अनुपातहरु सन्तोषप्रद रहेका छन। केही निष्कृय कर्जाहरुमा भएका असूलीको कारणले गत त्रयमास भन्दा निष्कृय कर्जाको अनुपात र पुंजीकोष अनुपातमा सुधार देखिएको छ। बैंकको २०८१ चैत्र ८ गते सम्पन्न १४ औ र १५ औ वार्षिक साधारण सभाले निर्णय गरे बमोजिम १:१.१६ अनुपात (१ शेयर बराबर १.१६ शेयर) मा हकप्रद शेयर निष्कासन गर्न आवश्यक स्वीकृतिको लागि नेपाल राष्ट्र बैंकमा पेश गरिसकिएको छ।

३) **कानूनी कारवाही सम्बन्धी विवरण**

क) विकास बैंकको सामान्य व्यवसायिक कारोबारको सिलसिलामा कर्जा असूलीसंग सम्बन्धित मुद्दा बाहेक समीक्षा अवधिमा विकास बैंकलाई कानूनी कारवाही सम्बन्धि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त नभएको।

ख) यस विकास बैंकका संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त नभएको।

ग) समीक्षा अवधिमा कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त नभएको।

४) **संस्थाको शेयर कारोवार सम्बन्धी विवरण** :

धितोपत्र बजारमा सेयरको खरिद बिक्री कार्य स्वतन्त्र रुपले हुने गर्दछ। बैंक व्यवस्थापनको तर्फबाट नियमनकारी निकायको निर्देशन बमोजिम शेयर मूल्यमा असर पार्ने सुचना तत्काले पेश गर्ने गरिएको छ। यस विकास बैंकको आ.व. २०८१/०८२ को तेश्रो त्रैमासिक अवधिको शेयर कारोवारको विवरण यस प्रकार रहेको छ। (स्रोत: www.nepalstock.com)

अधिकतम मुल्य	न्युनतम मुल्य	अन्तिम मुल्य	कारोवार संख्या	कारोवार दिन
१,४८२	९८०	१,०९१.७८	५२,४९७	५६

५) **समस्या र चुनौतीहरु** :

१) विश्व अर्थतन्त्रमा परेको दुरगामी असरहरु लगायतले समग्र आर्थिक क्षेत्रलाई पार्ने प्रतिकुल प्रभावबाट सिर्जना हुन सक्ने चुनौती तथा समस्याहरु।

२) देशको अर्थतन्त्रमा देखिएको शिथिलताको कारणले कर्जाको मागमा भएको कमीको कारणले वैकिंग व्यवसायमा परेको असरहरु।

३) जीवन निर्वाहकालागि अत्यावश्यक सामाग्रीहरुमा भएको मुल्य वृद्धिबाट बैंकिङ क्षेत्रमा सिर्जना हुनसक्ने चुनौती तथा समस्याहरु।

४) दक्ष तथा प्रतिस्पर्धी कर्मचारीहरुको अभावबाट हुनसक्ने संचालन लगायतका जोखिमहरु।

५) संचालन तथा जोखिम न्यूनिकरणका लागि लागत खर्चमा भएको वृद्धि, बैंकिङ क्षेत्रको बढ्दो प्रतिस्पर्धा आदिका कारण मार्जिन दर खुम्चिन गई मूनाफामा हुन सक्ने असर।

६) उत्पादनशील क्षेत्र (Productive Sector) तथा प्राथमिकता प्राप्त क्षेत्र (Priority Sector) मा ठोस रुपमा हुन नसकेको लगानी वृद्धिका कारण देशको अर्थतन्त्रमा पर्न सक्ने दुरगामी असरहरुले निम्त्याउने चुनौतीहरु।

६) **संस्थागत सुशासन**

संस्थागत सुशासन सम्बन्धि नेपाल राष्ट्र बैंक लगायत सम्बन्धित नियमनकारी निकायहरुबाट प्राप्त मार्ग निर्देशनहरु यस बैंकले उच्च प्राथमिकताका साथ पालना गर्दै आएको छ। बैंकको सुशासन अभिवृद्धि एवं संस्थाले गर्ने कार्यहरु पारदर्शी एवं नियम संगत रुपले सम्पादन गर्नका लागि संचालक समिति, लेखापरिक्षण समिति, जोखिम व्यवस्थापन समिति, ALCO हरु क्रियाशील रहेका छन्। बैंकको कारोवारलाई व्यवस्थित गर्न आवश्यक आन्तरिक नीति तथा निर्देशनहरु तर्जुमा गरी लागू गरिएको छ।

७) **सत्य, तथ्यता सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गरी निर्णय लिनकालागि आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

नोटः सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिमको विवरण यस बिकास बैंकको आधिकारिक वेबसाईट : www.sindhubank.com.np मा राखिएको छ।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित । कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं । पोबनं २०४५ । फोनः ५३६११७९ । फ्याक्सः ४३१८९९०। Email: nepalsamacharpatra@gmail.com । प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ । सम्पादकः सागर पण्डित